कर्णाली प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत

## लघु औद्योगिक ग्राम सञ्चालक समितिको अध्यक्षको पदपुर्ती सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९।३।१२ गते

लघु औद्योगिक ग्राम सञ्चालक समितिको अध्यक्ष पदको खुला प्रतिस्पर्धा मार्फत पदपूर्ति गरिने भएकोले लघु औद्योगिक ग्राम सञ्चालन कार्यविधि, २०७९ बमोजिम देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. सञ्चालक समितिको अध्यक्षको योग्यता

(क) ६५ बर्ष ननाघेको नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एसएलसी वा सो सरहको शैक्षिक योग्यता भएको,

(ग) सम्बन्धित जिल्लाको स्थायी बासिन्दा,

(घ) मानसिक सन्तुलन नविग्रिएको तथा फौजदारी अभियोग नलागेको,

(ङ) कुनै राजनैतिक दलमा आवद्धता नभएको,

(च) सम्बन्धित जिल्लामा उद्योग दर्ता भै कम्तिमा १० बर्षदेखि सञ्चालनको अवस्थामा रहेको।

२. दरखास्त साथ पेश गर्नु पर्ने कागजात तथा अन्य विवरण

(क) प्रोप्राइटर फर्म (उद्योग)को सञ्चालक भए निजको एकल प्रस्ताव, साझेदार फर्मको सञ्चालक मध्येको सदस्य भए अन्य साझेदारहरूको मञ्जुरीनामा संलग्न गर्नु पर्ने,

(ख) प्राइभेट लिमिटेड वा पब्लिक लिमिटेडको सञ्चालक मध्येको सदस्य भए कम्पनीको सञ्चालक समितिको सिफारिस हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको कम्पनीको हकमा उक्त कम्पनी अनिवार्य रुपमा कर्णाली प्रदेश सरकार मातहतको उद्योग कार्यालयमा दर्ता भएको हुनुपर्ने ।

(घ) स्वयंले प्रमाणित गरी नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यानुभव, आफ्नो नाममा दर्ता भएको उद्योगको प्रमाणपत्र तथा नविकरण भएको प्रमाणपत्र र लघु औद्योगिक ग्रामसंग सम्बन्धित व्यवसायीक कार्ययोजना।

३. दरखास्त सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा पेश गरिसक्न पर्नेछ । पन्ध्रौ दिनमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनमा बुझाउन सकिनेछ ।

४. दरखास्त पेश गर्ने ठेगाना : उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।

५. पेश गरेका कागजात तथा अन्य विवरण झुटो ठहरिय प्रचलित कानून बमोजिम कारबाही हुनेछ । थप जानकारीको लागि यस मन्त्रालयको वेव साईट moitfe.kanali.gov.np वा औद्योगिक प्रर्वद्धन शाखा वा ९८५८०४१८०८ बाट जानकारी लिन सकिनेछ ।

सचिव